नवौँ गाउँसभाको बैठकमा उपाध्यक्ष पुष्पा कुमारी बोहरा ज्युबाट प्रस्तुत
आर्थिक वर्ष २०७८।०७९ को

# अनुमानित आय व्ययको विवरण

**सिद्ध कुमाख गाउँपालिका**
**ढोरचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**२०७८ असार १० गते विहिवार**

**सभाध्यक्ष महोदय**

**तथा उपस्थित गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरु,**

राजनितिक दलका पदाधिकारी, सम्पुर्ण कर्मचारी, शिक्षक प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, सुरक्षाकर्मी, सञ्चारकर्मी, अगुवा कृषक सामुदायिक वनका प्रतिनिधि, विभिन्न क्षेत्रबाट पाल्नुभएका वौद्धिक व्यक्तित्वहरु तथा उपस्थित आमा बुवा, दाजु भाई तथा दिदिबहिनीहरु,

कोभिड १९ को महामारीले सृजना गरेको चुनौतिपुर्ण परिस्थितिमा गाउँपालिका बासी नागरिकको जीवन रक्षा गर्ने दृढ विश्वासका साथ म यस गाउँपालिको आ.व. ७८/७९ को अनुमानित आय व्ययको प्रस्तुत गर्न उपस्थित भएको छु ।

यस विशिष्ट अवसरमा सिद्ध कुमाख गाउँपालिकाको गरिमामय गाउँसभा समक्ष आगामी आर्थिक बर्षको वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पुर्व लोकतान्त्रिक गणतन्त्र,संघियता,धर्म निरपेक्षता, समावेसीता,समाजिक न्याय स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात विर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस अवसरमा सम्पुर्ण आदरणीय अग्रज,सहिद परिवार,आन्दोलनका घाइते तथा द्वन्द पिडितहरु, अपांग तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

आगामि आ.व.को वजेट तर्जुमा गर्दा नेपालको संविधान, १५ औ पञ्चवर्षिय योजना, दिगो विकासका लक्ष्यहरु, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय आधारपत्र, यस गाउँपालिकाको वृहत १५ वर्षिय गुरुयोजनालाई मुख्य आधारको रुपमा लिएको छु । बजेट निर्माणको क्रममा यस गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, निजिक्षेत्र, बुद्धिजिवि र आम नागरिक बाट प्राप्त सुझावलाई समेत महत्व दिएको छु ।

अव म आ.व. ७८/७९ को बजेटका मूख्य उद्धेश्य र प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

१. कोभिड १९ को महामारीबाट यस गाउँपालिकाबासीको जीवन रक्षा गर्ने उद्धेश्य हासिल गर्न कोभिड १९ को एन्टिजेन परिक्षण निशुल्क बनाउने र आवश्यक स्वास्थ्य उपकरण तथा सामग्रीको व्यवस्था गर्ने, स्वास्थ्यसंस्थाहरुको पूर्वाधार विकास गर्ने र स्वास्थ्यकर्मीहरुको प्रभावकारी परिचालन गर्नेगरी प्राथमिकता निर्धारण गरेको छु ।
२. यस गाउँपालिकामा विद्यमान वेरोजगारी दरलाई न्युनीकरण गर्ने उद्धेश्य हासिल गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम, मूख्यमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष रोजगार कार्यक्रम मार्फत अधिकतम रोजगारी सृजना गरिनेछ ।
३. यस गाउँपालिका भित्र रहेका सडक, खानेपानी र विद्युतमा नागरिकको पहुँच पुर्याउने उद्धेश्य हाँसिल गर्न गाउँपालिकाको पूर्वाधार विकासमा प्राथमिकता दिएको छु ।
४. आर्थिक, सामाजिक रुपले पछाडि परेका समुदाय, व्यक्तिको आर्थिक अवस्था सुधार गर्ने उद्धेश्य हासिल गर्न विभिन्न आयमूलक तथा सिपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।

**सभाध्यक्ष महोदय**
**तथा उपस्थित गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरु,**

अव म आगामि आ.व.को बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।

## कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचार

१. कोभिड १९ को एन्टिजेन परिक्षण निशुल्क गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
२. कोभिड बाट संक्रमित विरामीहरुको उपचारमा अक्सिजनको कमि हुन नदिन अक्सिजन सिलिन्डरको व्यवस्था गरिनेछ ।
३. यस गाउँपालिकामा रहेको कोभिड अस्पतालमा आवश्यक जनशक्तिको व्यवस्था गरि संचालनमा ल्याइनेछ ।
४. कोभिड १९ लगाएत आइपर्ने अन्य प्रकोपहरुको व्यवस्थापन गर्न प्रकोप व्यवस्थापन कोषको लागि रु ३० लाख वजेट विनियोजन गरेको छु ।

## स्वास्थ्य

१. स्वास्थ्यचौकी बाझकाडाँ, सिद्धेश्वरी, चाँदेकरेञ्जी र कोभिड अस्पताल डाडाकटेरीमा ल्याव सेवा सञ्चालन गरिनेछ । उक्त कार्यका लागि ल्याव उपकरण खरिद तथा जनशक्तिको व्यवस्था गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
२. स्वास्थ्य संस्थाबाट निशुल्क रुपमा वितरण हुदै आएका औषधिहरु सवै स्वास्थ्य संस्थाहरुमा निरन्तर उपलब्ध हुने व्यवस्था मिलाइनेछ । औषधि खरिदका लागि रु २० लाख विनियोजन गरेको छु ।
३. स्वास्थ्यचौकी बाझकाडाँ, सिद्धेश्वरी, चाँदेकरेञ्जीमा रहेका वर्थिङ सेन्टरलाइ सुधार गरि आधारभूत स्वास्थ्यकेन्द्र खार्वनमा वर्थिङ सेन्टर स्थापना गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
४. गाउँपालिका स्तरीय विशेषज्ञीय चिकित्सक सहितको घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्न रु १० लाख वजेट विनियोजन गरेको छु ।
५. महिला स्वास्थ्य स्वयंसेविकालाई संघिय सरकारबाट प्रदान गरिदै आएको यातायात खर्चको अलवा यस गाउँपालिकाबाट प्रदान गरिदै आएको यातायात खर्चलाइ निरन्तरता दिएको छु ।
६. १००० दिनको आमालाई उपाध्यक्षको पोषण कोसेली कार्यक्रमको लागि रु ३ लाख वजेट विनियोजन गरेको छु साथै पि.एन.सि. बढाउन यातायात खर्च र ए.एन.सी. बढाउन गर्भवतीलाई आयोडिन नुन, सावुन र नेलकटर वितरण गर्न आवश्यक वजेट विनियोजन गरेको छु । गर्भवती महिलाको चारपटकको गर्भजाँच सुनिश्चित गर्नको लागि चौथो पटको जाँचमा भिडियो एक्सरे जाँच निशुल्क गरिने व्यवस्था मिलाएको छु ।
७. आगामि आ.व.मा स्वास्थ्य शाखा अर्न्तगतका कार्यक्रम सञ्चालन गर्न रु ७५ लाख विनियोजन गरेको छु ।

## शिक्षाः

१. नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउने गरी प्रारम्भिक वाल विकास शिक्षिका र विद्यालय कर्मचारीको पारिश्रमिक वृद्धि गरेको छु । यसको लागि रु ५१ लाख ५४ हजार ५ सय विनियोजन गरेको छु ।

२. बालविकास केन्द्र, आ.वि. तथा मावि लाई शिक्षण अनुदान यस वर्ष पनि निरन्तर दिएको छ।
३. शिक्षकहरुको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गर्न यस गाउँपालिकाका सामुदायिक विद्यालयका शिक्षकहरु र बालविकास शिक्षिकाहरुको क्षमता विकास गर्न तालिम सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरेको छ।
४. शैक्षिक क्रियाकलापलाई नियमित तथा व्यवस्थित गर्न शैक्षिक क्यालेण्डर तयार गरिनेछ।
५. एक वडा एक नमुना मन्टेश्वरी कक्षा सञ्चालन गर्न रु १० लाख व्यवस्था गरेको छ।
६. विद्यार्थीहरुलाइ खेलप्रति आकर्षित गर्न खेलकुद सामग्री वितरण गर्न रु ५ लाख बजेट विनियोजन गरेको छ।
७. आगामी आ.व.मा राष्ट्रपति रनिङ शिल्ड र अध्यक्ष कप प्रतियोगिता सञ्चालन रु १० लाख विनियोजन गरेको छ।
८. एस इ इ पछि प्राविधिक विषय अध्ययनका लागि प्रदान गरिदै आएको छात्रवृद्धि र कक्षा ८ तथा एस इ इ परिक्षामा सर्वोउत्कृष्ठ छात्र छात्रालाइ प्रदान गरिदै आएको पुरस्कारलाइ निरन्तरता दिएको छ।
९. आगामि आ.व.मा शिक्षा शाखा अर्न्तगतका कार्यक्रम सञ्चालन गर्न रु १ करोड ७५ लाख विनियोजन गरेको छ।

**कृषि तथा पशुपंक्षि:**

१. पशु रोगको निदान र उपचार गर्न सवै वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। उक्त कार्यका लागि रु ६ लाख वजेट विनियोजन गरेको छ।
२. सवै वडाहरुमा पशु उपचार गर्न आवश्यक पशु औषधि खरिद गर्न रु १२ लाख वजेट विनियोजन गरेको छ।
३. गरिव तथा विपन्न पशु कृषकलाई बाख्रा वितरण गर्न रु ५ लाख वजेट विनियोजन गरेको छ।
४. प्रदेश सरकार सँग कृषि तथा पशु सम्वन्धी लागत साझेदारीमा पकेट विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था गरेको छ।
५. उत्पादकत्व बढाउन साना सिचाँइ पोखरी निर्माणका लागि रु ५ लाख वजेट विनियोजन गरेको छ।
६. कृषिबालीको विउ वितरण र विषादी वितरण गर्न आवश्यक वजेट विनियोजन गरेको छ।
७. आगामि आ.व.मा कृषि र पशु शाखा अर्न्तगतका कार्यक्रम सञ्चालन गर्न रु ३०/३० लाख गरी जम्मा रु ६० लाख बजेट विनियोजन गरेको छ।

**लैगिक समानता तथा सामाजिक समावेशीकरण:**

१. महिलाको आयआर्जन वृद्धि गर्न सिपमूलक तालिम सञ्चालन गर्न रु ६ लाख ५० हजार वजेट विनियोजन गरेको छ।
२. पारिवारिक मेलमिलापको लागि सासु बुहारी अन्तक्रिया कार्यक्रम सञ्चालन गर्न रु २ लाख ५० हजार वजेट विनियोजन गरेको छ।
३. जेष्ठ नागरिक र अपांग सम्माण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक वजेट विनियोजन गरेको छ।
४. बाल क्लव गठन गरी बाल क्लवका पदाधिकारीहरुलाई नेतृत्व तथा क्षमता विकास तालिम सञ्चालन गर्न रु १ लाख ५० हजार वजेट विनियोजन गरेको छ।
५. आगामि आ.व.मा महिला, बालवालिका तथा जेष्ठनागरिक शाखा अर्न्तगतका कार्यक्रम सञ्चालन गर्न रु ३० लाख वजेट विनियोजन गरेको छ।

**पूर्वाधारः**

१. कोभिड १९ का कारण सम्पन्न हुन नसकेका वडा नं २ र ४ का कार्यालय भवनहरु आगामी आ.व. भित्र निर्माण कार्य सम्पन्न गरिनेछ । यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
२. निराजन मावि ढोरचौरको भवन निर्माणको लागि रु २५ लाख वजेट विनियोजन गरेको छु ।
३. उचाल्ने खार्वन सागिने सडक स्तरोन्नतीको लागि कर्णाली प्रदेश सरकारबाट रु ५० लाख समपूरक अनुदान प्राप्त भएकोमा यस गाउँपालिकाबाट रु ५० लाख थप गरी रु १ करोड वजेट विनियोजन गरेको छु ।
४. ढारबास खोला वयाले सडक निर्माणको लागि रु १० लाख वजेट विनियोजन गरेको छु ।
५. चालु आवमा सम्पन्न हुन नसकेको छापडाडा गुइदे वनगाड सडक आगामी आवमा सम्पन्न
६. यस गाउँपालिकाका कुमाख कालालेख सडक, त्रिवेनी देखि २ नं वडा कार्यालय जोड्ने सडक स्तरोन्नतीको लागि आवश्यक वजेट व्यवस्था गरेको छ ।
७. सारदा देविदर्का उपल्लो बाझकाडा लिफ्ट खानेपानी योजनाको लागि कर्णाली प्रदेश सरकारबाट रु ५० लाख समपूरक अनुदान प्राप्त भएकोमा यस गाउँपालिकाबाट रु ५० लाख थप गरी रु १ करोड वजेट विनियोजन गरेको छु ।
८. यस गाउँपालिकामा आगामि आवमा मेलचौर लिफ्ट खानेपानी योजना, फलाटे माझगाउँ खानेपानी योजना, ढोरचौर खानेपानी विस्तार योजना, डाडाकटेरी ढारखोली खानेपानी योजना, सागिने खानेपानी योजना, राउटेचौर इन्द्र खानेपानी योजना र फलाटे नयाँमारे खानेपानी योजनाको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
९. यस गाउँपालिकामा विद्युतको पहुँचबाट वञ्चित रहेका विद्युत सेवा उपलव्ध गराउन वडा नं ४ का सागिने, चिनाली र करेञ्जीका लागि रु ४० लाख, र वडा नं ५ का माझखर्क राम्री, दहगाउँ र छापडाँडामा विद्युत विस्तार गर्नको लागि रु ४० लाख बजेट विनियोजन गरेको छु ।
१०. चालु आवमा सम्पन्न हुन नसकेको अध्यक्ष रोजगार कार्यक्रम आगामी आवमा निरन्तर दिएको छु ।

**सुशासन तर्फः**

१. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत स्थायी तथा करार कर्मचारीको लागि मासिक रु २ हजार वृद्धि गरेको छु ।
२. न्यायिक समितिको क्षेत्राधिकारको कार्यलाई थप प्रभावकारी वनाउन न्यायमा जनताको पहुँच कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
३. न्यायिक सम्पादनलाई थप प्रभावकारी वनाउन आगामी आवमा ५ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
४. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गर्न आवश्यक वजेटको विकास गरेको छु ।
५. यस गाउँपालिकाका नागरिकलाई सरकारी सेवा प्रति आकर्षित गर्न लोकसेवा कक्षा सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
६. यस गाउँपालिकाको प्रथम गाउँसभा देखि हाल सम्म भएका उपलव्धी तथा विकास कार्यक्रमलाइ समेट्ने गरी वृतचित्र निमार्ण गर्न रु ५ लाख विनियोजन गरेको छु ।

अब म वडागत रुपमा सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

अव म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि वजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

१. आगामि आ.व.का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ३२ करोड ७० लाख विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु २२ करोड ६७ लाख र पूजिगत तर्फ रु १० करोड ३ लाख रहेको छ ।
२. आगामि आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु ३० लाख, चालु आवको अल्या बाट रु २ करोड ५१ लाख ३१ हजार, संघिय सरकारबाट प्राप्त वितिय समानिकरण अनुदान रु ७ करोड ५६ लाख, संघिय सरकारबाट प्राप्त हुने शसर्त अनुदान रु १३ करोड ३२ लाख र कर्णाली प्रदेश सरकारबाट प्राप्त वितिय समानीकरण अनुदान रु ७२ लाख ६२ हजार, शसर्त अनुदान ७२ लाख ३८ हजार, समपूरक अनुदान १ करोड ५० लाख, विशेष अनुदान ४० लाखबाट व्यहोरिने छ ।
३. चालु र पुजिगत तर्फ विनियोजित खर्चमा न्यून हुने रकम संघिय सरकार र कर्णाली प्रदेश सरकारबाट राजस्व बाँडफाँड बाट प्राप्त हुने रु ५ करोड ६५ लाख ६९ हजार बाट पूर्ति गरिनेछ ।

**सभाध्यक्ष महोदय**
**तथा उपस्थित गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरु,**
अव म आ.व. ७८/७९ को राजस्व परिचालन बारे प्रस्तुत गर्दछु ।

१. कोभिड १९ को महामारीबाट प्रभावित यस गाउँपालिकाका नागरिकहरुलाई मध्यनजर गरी चालु आ.व.मा लगाइएको घर कर र बहाल विटौरी करको दर तपशिल बमोजिम हुनेगरी घटाएको छु ।
   क. घरकर अन्तर्गतःपक्की घर रु २००, जस्ताको घर रु १०० र खरको घर रु ५०
   ख. बहालविटौरी कर अन्तर्गतः पक्की घर रु १०००, कच्ची घर रु ५०० र घुम्ती पसल रु २५०
२. आन्तरिक राजस्वको दरलाइ फराकिलो बनाउन यस गाउँपालिका अर्न्तगत रहेका नदि तथा खोलाहरुबाट उत्खलन हुने नदिजन्य पदार्थहरु लाई करको दायरामा ल्याइनेछ ।
३. राजस्व प्रशासनलाई सक्षम बनाउन राजस्वमा काम गर्ने समिति र कर्मचारीहरुको क्षमता विकास गरी राजस्व प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ ।
४. यस गाउँपालिकामा रहेका निजी बनहरुलाई दर्ता प्रक्रियामा ल्याई व्यवस्थित गरिनेछ । र यसको लागि निजि वन दर्ता शुल्क रु ५०० निर्धारण गरिएको छ ।
५. व्यक्तिगत घटना दर्ता शुल्क राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम लागु हुनेछ ।
६. चालु आवमा लगाइएको सवारी साधन दर्ता तथा नविकरण वापत् लगाइएको कर हटाइएको छ र बाँकी कर तथा सिफारिसका शुल्कहरु यथावत् राखिएको छ ।

**सभाअध्यक्ष महोदय,**
**आदरणीय सम्पूर्ण महानुभावहरु,**
यस गाउँपालिकाको वार्षिक बजेट, नीति र कार्यक्रमहरु तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका गाउँपालिकाका सम्पुर्ण जनसमुदायहरु, गाउँपालिकाका **अध्यक्ष ज्यू,** प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, विभिन्न विषयगत शाखाका प्रमुख एवं कर्मचारीहरु, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अन्त्यमा स्वास्थ्य सावधानी अपनाइ कोभिड १९ को

महामारीबाट सुरक्षित रहदै यस गाउँपालिकाको विकासको अभियानमा सहभागि हुन सम्पुर्ण गाउँपालिकाबासी दिदी बहिनी र दाजुभाइहरुलाई हार्दिक गर्दछु ।

***धन्यवाद ।***